# पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६

प्रस्तावना:- प्रदेशभित्रका प्रकृति प्रकोप, हिंसा, बोक्सा बोक्सी, द्वन्द एवम् तेजाव पीडित व्यक्ति तथा दुर्घट्नाबाट मृत्यु भएका व्यक्तिको नजिकको हकवालालाई राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउन र यसरी उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश नम्बर दुईको प्रदेश सरकारले देहाय बमोजिमको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:-

(क) "अध्यक्ष" भन्नाले आर्थिक सहायता सिफारिस समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "सदस्य" भन्नाले आर्थिक सहायता सिफारिस समितिको सदस्य सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(घ) "निर्देशिका" भन्नाले "पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६" सम्झनु पर्छ।

(ङ) "पीडित व्यक्ति" भन्नाले प्रकृति प्रकोप, हिंसा, बोक्सा बोक्सी, द्वन्द एवम् तेजाव पीडित व्यक्ति सम्झनु पर्छ र सो शब्दले दुर्घट्नाबाट मृत्यु भएका व्यक्तिको नजिकको हकवालालाई समेत जनाउँछ ।

(च) "प्रकृति प्रकोप" भन्नाले आकस्मिक रुपमा आएको भू-कम्प, बाढी पहिरो, आगलागी, चट्याङ्ग आदि सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको आर्थिक सहायता सिफारिस समिति सम्झनु पर्छ ।

३. आर्थिक सहायता: (१) प्रदेशभित्रका पीडित व्यक्तिलाई मन्त्रालयले सहयोग स्वरुप आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक सहायता प्रदान गर्दा निजहरुको अवस्था हेरी औचित्यतताको आधारमा मन्त्रालयले आर्थिक सहायता वापत बढीमा पच्चीस हजार रुपैयाँसम्म उपलब्ध गराउन सक्नेछ ।

४. निवेदन दिनु पर्ने: (१) दफा ३ बमोजिमको आर्थिक सहायता प्राप्त गर्न चाहने पीडित व्यक्तिले आफूले आर्थिक सहायता पाउनु पर्ने आधार र कारण खोली देहायका कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनुपर्नेछ:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति,

(ख) दफा ३ को उपदफा (१) बमोजिमको अवस्था रहेको भनि सम्बन्धित स्थानीय तहको शिफारिसपत्र,

स्पस्टीकरण: यस उपदफाको प्रयोजनको लागि "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमका कागजात संलग्न नगरी दिएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

(३) यस दफा बमोजिम आर्थिक सहायता उपलब्ध गराउदा प्राथमिकता निर्धारण गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) आर्थिक सहायता उपलब्ध गराउने कार्यको अनुगमन, मूल्यांकन लगायतका व्यवस्थापन कार्य मन्त्रालयले गर्नेछ ।

५. समितिको गठन: (१) यस निर्देशिका बमोजिम आर्थिक सहायता निर्धारण र वितरण सम्बन्धी काम कारवाहीको सञ्चालन, रेखदेख तथा प्रवन्ध गर्न एक आर्थिक सहायता सिफारिस समिति रहनेछ:

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रशासन तथा योजना हेर्ने) -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(६) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित पदाधिकारीले समितिको बैठकमा भाग लिए वापत नियम अनुसारको बैठक भत्ता पाउनेछन् ।

(७) सदस्य सचिवले समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ ।

६. झुठा विवरण पेश गरी आर्थिक सहायता लिनु नहुने: (१) कसैले पनि झुठा विवरण पेश गरी आर्थिक सहायता लिनु हुदैन ।

(२) आर्थिक सहायता रकम लिने उदेश्यले झुठा विवरण पेश गर्ने व्यक्ति र झुठा विवरणको शिफारिसपत्र बनाईदिने शिफारिसकर्ता दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

७. <u>प्रचलित कानून बमोजिम हुने:-</u> निर्देशिकामा उल्लेख भएका कुराहरुका हकमा यसै निर्देशिका बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. <u>संशोधन वा खारेजी:-</u> प्रदेश सरकारले आवश्यकता अनुसार यस निर्देशिकाको संशोधन वा खारेज गर्न सक्नेछ ।